पौष २०७०

(January 2014)

नेपाल

# मत्स्य समाचार संवाहिका

Nepal Fisheries Society

NEWSLETTER

(A contribution of Nepal Fisheries Society)

मत्स्य समाचार संवाहिका

Nepal Fisheries Society

**संपादक दल**

डा. माधव कुमार श्रेष्ठ

सुरेश कुमार वाग्ले

रमानन्द मिश्र

अग्नि नेपाल

नीता प्रधान

प्रवेश सिंह कुँवर

**पृष्ठ निर्माण र डिजाईन**

नीता प्रधान

**प्रकाशक**

नेपाल फिसरिज सोसाईटी

## यस अंकमा


- मत्स्य महोत्सवको आयोजना
- मत्स्य क्षेत्रमा योगदान पुऱ्याउनेहरु पुरस्कृत
- दोश्रो इन्दिरा भुसाल स्मृति पुरस्कार
- माननिय कृषि तथा वन भूसंरक्षण मन्त्री श्री टेक बहादुर थापाज्युको पोखरा भ्रमण
- नेफिसको साधारण सभा सम्पन्न
- कृषि अनुसन्धान केन्द्र (मत्स्य), पोखरामा मन्त्रालयका सचिवस्तरिय टोलीबाट अवलोकन भ्रमण
- मत्स्य विकासको लागि विस्तृत आयोजना तयार हुँदै
- सहभागितात्मक ट्राउट प्रजनन् तथा भुरा व्यवस्थापन अन्तरकृया कार्यक्रम सम्पन्न
- ट्राउन माछा पालन सम्बन्धि तालिम
- व्यक्ति एवं व्यक्तित्व परिचय
- रुपाताल पुनर्स्थापना तथा मत्स्य पालन सहकारी संस्था लिमिटेडको १२ औं साधारण सभा सम्पन्न
- रत्ननगर महोत्सव
- क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागु
- सेवा निबृत ब्यक्तित्वहरु (राम बिलास ठाकुर, शंकर प्रशाद दाहाल, नन्द किशोर राय)
- सफलताको कथा


## मत्स्य महोत्सवको आयोजना

नेपाल फिसरिज सोसाइटी र नेपाल मत्स्य व्यवसायी संघको प्रमुख आयोजना तथा मत्स्य विकास निर्देशनालय, राष्ट्रिय मत्स्य विकास कार्यक्रम, नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि व्यवसाय प्रवर्धन कार्यक्रम, कृषि तथा वन विश्व विद्यालय, कृषि उद्यम केन्द्र तथा त्रिभुवन विश्व विद्यालयको सह-आयोजनामा काठमाण्डौंको राष्ट्रिय सभागृहमा ३ दिने मत्स्य महोत्सव आयोजना हुन गईरहेको छ । उक्त महोत्सवमा बिभिन्न जातका माछा प्रदर्शन गर्नको अलावा मत्स्य पालन प्रविधि सम्बन्धी जानकारी प्राप्त गर्नका साथै एक्वारियममा माछा पालन, मत्स्य पालनमा प्रयोग गरिने औजारहरु जस्तै दाना बनाउने मेसिन, एरिएटर, जालका साथै मत्स्य व्यवसायका विभिन्न क्रियाकलाप अवलोकन गर्न पाइने छ । मत्स्य पालन सम्बन्धी प्राविधिक जानकारीहरु, जिउँदो माछाको व्यापार, मत्स्य परिकार प्रतियोगिता, मत्स्य सम्बन्धी अन्तरक्रिया लगायत विशेष आकर्षणका क्रियाकलाप सञ्चालन गरिने यस महोत्सवमा सहभागिहरुले माछाको स्वादिलो परिकारको आनन्द समेत लिन पाउने छन् भने उत्कृष्ट परिकार बनाउनेलाई पुरस्कृत गरिने व्यवस्था समेत गरिएको छ । बिभिन्न विधिबाट परिकार बनाउँदा पोषण तत्वमा हुने ह्रास जाँच गराई सोको प्रतिवेदन प्राप्त भए पश्चात आम उपभोक्ताहरुलाई सुसुचीत गराउने व्यवस्था मिलाइने छ । नेपाल मै पहिलो पटक हुन लागेको यस महोत्सवबाट मत्स्य व्यवसायी, कृषक, बिद्यार्थी, आम उपभोक्ता लगायत सम्पूर्ण वर्ग लाभान्वित हुन सक्नेछन् भने निती निर्माताहरुलाई समेत नेपालमा मस्त्य पालनको अवस्था बारे जानकारी प्राप्त हुनेछ। यस महोत्सवबाट हुने प्रचार प्रसारले राष्ट्रिय स्तरमै मत्स्य क्षेत्रको सकारात्मक प्रभाव बढ्न जाने हुँदा यो कार्यक्रम सफलतापूर्वक सम्पन्न गराउन सहयोगका लागि नेपाल फिसरिज सोसाईटीका महासचिव रमानन्द मिश्रज्यूले सम्पूर्ण सरोकारवालाहरुलाई केन्द्रीय मत्स्य भवन बालाजुमा एक अन्तरक्रियाका बिच अनुरोध गर्नु भयो ।



# पुरस्कार वितरण

तेतिसौं विश्व खाद्य दिवशको अवसरमा राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रमको आयोजनामा मत्स्य पालनमा संल्लन आठ जना कृषकहरुलाई पुरस्कृत गरिएको छ ।



मत्स्य विकास कार्यक्रम प्रमुख श्री रमानन्द मिश्रका साथमा पुरस्कृत कृषकहरु

## पुरस्कृत गरिएका बिधाहरू

### बढि माछा उत्पादन तर्फ

| क्र.सं. | नाम | ठेगाना | पुरस्कार |
|---|---|---|---|
| क) | श्री पून्य प्रसाद चौधरी | मानमटेरिया १, रुपन्देही | प्रथम |
| ख) | श्री श्रीधर ओली | सोनपुर ८, दाङ | द्धितिय |
| ग) | श्री धर्मेन्द्र यादव | कर्चोवा ५, बारा | तृतिय |
| घ) | श्री अफजल हुसेन | पिडारी ८, सर्लाही | सान्त्वना |

### कार्प ह्याचरी/नर्सरी तर्फ

| क्र.सं. | नाम | ठेगाना | पुरस्कार |
|---|---|---|---|
| क) | श्री रामेश्वर मण्डल | टिकुलीगढ ६, रुपन्देही | प्रथम |
| ख) | श्री श्याम सुन्दर चौधरी | औरावानी ९, सुनसरी | द्धितिय |
| ग) | श्री जलन्धर सिंह | बेनौली ५, बारा | तृतिय |

### ट्राउट माछा उत्पादन तर्फ

| क्र.सं. | नाम | ठेगाना | पुरस्कार |
|---|---|---|---|
| क) | श्री लक्षिन गुरुङ्ग | सार्दी खोला ३, कास्की | प्रथम |

## दोश्रो ईन्दरा भुसाल स्मृती पुरूस्कार बाराका कृषक श्री जलन्धर सिंहलाई



काठमाण्डौ ईन्दीरा भुसाल अक्षय कोषबाट प्रदान गरिने दोश्रो ईन्दीरा भुसाल स्मृती पुरुस्कार यस पाली बारा बेनौलीका मत्स्य कृषक श्री जलान्धर सिंहलाई प्रदान गरिएको छ । नेपाल फिसरिज सोसाइटीको साधारण सभाको अवसरमा कृषि विकास मन्त्रालयका सचिव श्री जय मुकुन्द खनाल यूले रु ३५,०००।- को चेक तथा कदर पत्र प्रदान गर्नु भयो । ठाकुर राम बहुमुखि क्याम्पस बाट बी.ए. अध्ययन गर्नु भएका ४० वर्षीय जलन्धर सिंह बी.के.पी. मत्स्य तथा फिस फार्मका अध्यक्ष हुनुहुन्छ । वहा १५ हे. मा माछा पालन व्यवसाय संचालन गर्दै आउनु भएको छ । १० हे. निजी पोखरी तथा ५ हे. सार्वजनिक पोखरीमा ठेक्का लिई माछा पालनमा संलग्न माछाभुरा उत्पादन समेत गर्नु हुन्छ । वहाको फार्ममा प्रति हे. ८ मे.टन का दरले खाने माछा उत्पादन भईरहेको छ । मत्स्य विज उत्पादनमा समेत वहाको उल्लेखनीय योगदान छ । गत वर्ष ५६ करोड ह्याचलिङ्ग विक्री वितरण समेत गर्नु भएको सिंह राज फिस सप्लायर्स नामक संस्था बाट छडी माछाको काठमाण्डौमा विक्रीवितरण कार्यमा संलग्न हुनुहुन्छ । युवा मत्स्य व्यवसायी सिंहको योगदानलाई कदर गर्दै नेपाल फिसरिज सोसाईटीले दोश्रो ईन्दीरा भुसाल स्मृति पुरस्कार बाट सम्मानित गरेको थियो । यस अघि यो पुरस्कारबाट धनुषा ननुपट्टीका कृषक श्री बउवे लाल मुखियालाई समेत सम्मानित गरिसकेको छ । बर्दिया जिल्ला घर भई सोरहवा निवासी श्रीमति ईन्दीरा भुसालको स्मृतिमा निजको परिवारजनको सहयोगमा ईन्दीरा भुसाल अक्षय कोषको स्थापना भएको थियो ।

सबैभन्दा तिव्रगतिमा पौडिने माछा Sailfish हो । जस्को गति राजमार्गमा दौडिने Car को जस्तै हुन्छ ।

## कृषि विकास र वन तथा भूसंरक्षण मन्त्री माननीय टेकबहादुर थापा घर्तीज्यूको पोखरा भ्रमण



कृषि विकास र वन तथा भूसंरक्षण मन्त्री माननीय टेक बहादुर थापा घर्तीले गत २०७० पौष १२ देखी १४ गते सम्म पोखराको भ्रमणका क्रममा कृषि अनुसन्धान केन्द्र (मत्स्य), पोखराको पनि भ्रमण गर्नुभएको थियो । निरीक्षण भ्रमणका क्रममा माननीय मन्त्रीज्यूले वेगनास केन्द्रको अवलोकन गर्नुका साथै विभिन्न अनुसन्धान कार्यक्रमहरु वारे संक्षिप्त जानकारी लिनुभएको थियो । माननीय मन्त्रीज्यूले निजी क्षेत्रमा माछापालन क्रियाकलापको समेत निरीक्षणका क्रममा कास्की जिल्लास्थित सार्दीखोला र भूर्जूङ्गखोलामा संचालित ट्राउट माछापालन फार्महरुको पनि अवलोकन भ्रमण गर्नु भएको थियो । माननीय मन्त्रीज्यूबाट निर्देशनको क्रममा यस केन्द्रले गरेको विभिन्न कृयाकलाप वारे सन्तोष व्यक्त गर्नुभयो । साथै विभिन्न कृषि क्षेत्रका अतिरिक्त मत्स्य कार्यक्रमलाई पनि निर्वाहमुखीबाट व्यावसायीकरण गर्नु पर्नेमा जोड दिनुभयो । कृषिमा व्यावसायीकरण गर्दा युवाशक्तिलाई प्राथमिकतामा राखेर कार्यक्रम बनाउनु पर्ने अभिव्यक्ति प्रकट गर्नुभयो ।



ट्राउट माछाको विस्तार गर्न सानो स्तरमा मात्र नभई ठुला स्केलमा पूरै गण्डकी नदी क्षेत्र (Gandaki River System) लाई ध्यानमा राखी ठूला परियोजना (Mega Project) बनाई ट्राउटलाई आन्तरिक खपतमा मात्र सिमित नराखी निर्यात प्रबर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो ।  सहर माछाको प्रविधिलाई विभिन्न माध्यमद्वारा कृषकस्तर सम्म पुऱ्याउन र अनुसन्धान कार्यक्रमलाई आकर्षक बनाउन सोही अनुसारको Block Wise नतिजामा आधारित कार्यक्रम बनाउन समेत निर्देशन दिनुभयो । हाल राष्ट्रिय परिप्रेक्षयमा कृषिमा बढेको बजेटलाई फिल्डस्तरमा नतिजामा आधारित उत्पादन मुलक कार्यक्रमहरु संचालन गर्नुपर्नेमा जोड दिनुभयो ।

## नेफिसको साधारण सभा सम्पन्न



नेपाल फिसरिज सोसाइटीको वार्षिक साधारण सभा २०७० पौष २७ गते केन्द्रीय मत्स्य भवन बालाजूमा सम्पन्न भयो । सो साधारण सभाको उद्‍घाटन प्रमूख आतिथ्यता ग्रहण गरि रहनु भएका कृषि विकास मन्त्रालयका सचिव श्री जयमुकुन्द खनालज्यूले गर्नु भएको थियो । उक्त साधारणसभामा विगत १ वर्षमा गरिएका कार्यहरुको प्रतिवेदन महासचिव श्री रमानन्द मिश्रज्यूद्वारा तथा आर्थिक प्रतिवेदन कोषाध्यक्ष श्री शंकर प्रसाद दाहालद्वारा पेश गरिएको थियो तथा सो को अनुमोदन साधारण सभाद्वारा गरिएको थियो ।

सोसाइटीका अध्यक्ष प्रा.डा. माधव कुमार श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त साधारण सभामा माछा पालनमा गत आ.ब. २०६९/०७० मा उत्कृष्ठ छनौट भएका बाराका कृषक श्री जालन्धर सिंहलाई प्रमुख अतिथी कृषि सचिवज्युले इन्दिरा भुसाल स्मृति पुरस्कार प्रदान गर्नु भएको थियो । साथै साधारण सभाको अवसरमा संशोधित विधान एवं सोसाइटीका सदस्यहरुको इन्भेन्टरी समेत वितरण गरिएको थियो ।

## कृषि अनुसन्धान केन्द्र (मत्स्य), पोखरामा मन्त्रालयका सह-सचिवस्तरीय टोलीबाट अवलोकन भ्रमण



JICA को लगानीमा संचालित तथा सम्पन्न विभिन्न परियोजना अन्तर्गत कार्यालयहरुमा अनुगमन गर्ने सिलसिलामा विभिन्न मन्त्रालयका सह-सचिवस्तरीय टोलीबाट १९ डिसेम्बर २०१३ मा कृषि अनुसन्धान केन्द्र (मत्स्य), पोखराको समेत अवलोकन भ्रमण गरियो । उक्त टोलीमा JICA का Chief Representative को समेत संलग्नता थियो ।

## मत्स्य विकासको लागि विस्तृत आयोजना तयार हुँदै

नेपाल सरकारको अनुरोधमा विश्व खाद्य संगठन, नेपालद्वारा मत्स्य सम्बन्धि निती निर्माण गर्न तथा अगामी ५ वर्ष भित्र देशमा माछाको उत्पादन दोब्बर गर्नका लागि विस्तृत योजना तयार पार्न आवश्यक सहयोग पुऱ्याउने भएको छ । यी दुवै कार्य सरोकारवालाहरु संगको अन्तरक्रिया पश्चात २०१४ को मे महिना भित्र सम्पन्न गर्ने गरि FAO द्वारा कार्य तालिका बनाई परामर्शदाताहरुको चयन गरि सकिएको छ । यसको निर्माण गर्ने क्रममा आवश्यक सर-सल्लाह सुझाव सम्बन्धित सबैबाट अपेक्षा गरिएको छ । आफूलाई लागेको सुझाव मत्स्य विकास निर्देशनालयमा दिएको खण्डमा सम्बन्धित परामर्शदाताहरुलाई उक्त सुझाव उपलब्ध गराई परिस्कृत रुपमा मत्स्य निती तथा ५ वर्षे योजन निर्माण कार्यमा सहयोग गर्न सबैलाई अनुरोध गरिन्छ ।

## सहभागितात्मक ट्राउट प्रजनन् तथा भुरा व्यवस्थापन अन्तरक्रिया सम्पन्न

नेपालका पहाडी क्षेत्रका १६ जिल्लामा विस्तार भएको ट्राउटमाछा फार्महरुलाई भुरा आपूर्तिको दिगो व्यवस्थापन गर्ने उद्देश्यले यही २०७० साल पुस ११ गते ट्राउट भुरा उत्पादक कृषकहरुको उल्लेख्य सकभागितामा एक अन्तरक्रिया कार्यक्रम मत्स्य अनुसन्धान केन्द्र त्रिशुलीमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा आ. व. ०७०।७१ मा १७ वटा निजी क्षेत्रका ट्राउटमाछा फार्महरु भुरा उत्पादनमा संलग्न रहेको र उक्त फार्महरुबाट यस साल ३० लाख भुरा उत्पादन र वितरण हुने जानकारी गराईएको थियो । अन्तरक्रियामा सहभागी ट्राउट उद्यमीहरुले प्रजनन्मा संलग्न फार्महरुबाट भुराहरु लगभग एकै सयमयमा उत्पादन भई वितरणमा समस्या देखिन सक्ने हुँदा पछौटे प्रजनन्मा अनुसन्धान केन्द्रित गर्न सुझाव दिएका थिए भने मत्स्य अनुसन्धान केन्द्र त्रिशूलीले संचालन गरिरहेको आँखा उघ्रेको फुल उत्पादन र वितरण प्रविधि निजी क्षेत्रमा पनि प्रसार गर्नु पर्ने धारणा राखेका थिए ।

अन्तरक्रिया कार्यक्रममा ट्राउट प्रजनन्मा संलग्न कृषकहरु, नेपाल कृषि अनुसन्धान परिषद्का वैज्ञानिक एवं प्राविधिक अधिकृतहरु, जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति र कृषि विकास कार्यालय नुवाकोटका प्रतिनिधिहरु सहित ३५ जनाको सहभागिता रहेको थियो । कार्यक्रम नेपाल कृषि अनुसन्धान परिषद्का पशु तथा मत्स्य अनुसन्धान निर्देशक डा. टेक बहादुर गुरुङको अध्यक्षता तथा जिल्ला प्रशासन कार्यालय, नुवाकोटका प्रमुख जिल्ला अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

## ट्राउट पालन सम्बन्धि तालिम



राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रम बालाजुको आ.ब. २०७०/०७१ को दोश्रो चौमासिक लक्ष्य बमोजिम कास्की, पर्वत, मकवानपुर, म्याग्दी, मनाङ, ललितपुर, बाग्लुङ्ग, लमजुङ्ग, पाल्पा, रामेछाप, काभ्रे, दोलखा, गुल्मी, गोरखा जिल्लाका १७ जना ट्राउट पालक कृषक समावेश गरी यस कार्यक्रमको सभाकक्ष बालाजुमा मिति २०७०/१०/०८ देखि २०७०/१०/१० सम्म ३ दिन तालिम संचालन गरि ट्राउट पालनका विविध विषयमा जानकारी गराईएको थियो तथा सहभागीहरुलाई राष्ट्रिय मत्स्य विकास कार्यक्रमका प्रमुखद्वारा प्रमाणपत्र वितरण समेत गरिएको थियो ।

माछाहरू मध्ये सार्क माछामा मात्र Eyelids हुन्छ ।

# व्यक्ति एवं व्यक्तित्व परिचय



## श्री भरत प्रसाद शर्मा

नवलपरासी जिल्लाको परासीमा सन् १९४८ मा जन्म भई सन् १९६९ देखि मत्स्य अधिकृतको रुपमा सरकारी सेवामा प्रवेश गरि मत्स्य अनुसन्धान तथा विकास विशेषज्ञको रुपमा दक्षता हासिल गर्नु भएका श्री शर्माज्युको संक्षिप्त व्यक्तित्व परिचय

जन्म मिति : सन् १९४८ जनवरी १

हालको ठेगाना : काठमाडौं म.न.पा. ३४, घर नं. ४३३, भिमसेनगोला मार्ग, नयां बानेश्वर, काठमाडौं ।

टेलिफोन नं. : ०१-४४७२६९६

शिक्षा : सन् १९८४- सेन्ट्रल लुजोन स्टेट विश्वविद्यालय, फिलिपिन्सबाट एक्वाकल्चर इकोनोमिक्स स्नातकोत्तर

### स्वदेशमा सरकारी सेवा:

- सन् १९६९- १९७१ मत्स्य अधिकृत, मत्स्य विकास केन्द्र विराटनगर
- सन् १९७१-१९७४ मत्स्य अधिकृत, केन्द्रीय मत्स्य ह्याचरी, बालाजु, काठमाडौं
- सन् १९७४-१९७६ मत्स्य अधिकृत, मत्स्य महाशाखा, काठमाडौं
- सन् १९७६-१९७७ का.मु.मत्स्य विकास अधिकृत,, मत्स्य महाशाखा, काठमाडौं
- सन् १९७७-१९७९ मत्स्य विकास अधिकृत, मत्स्य विकास केन्द्र धनगढी
- सन् १९७९-१९८१ मत्स्य विकास अधिकृत, मत्स्य विकास केन्द्र गोदावरी, ललितपुर
- सन् १९८१-१९८४ मत्स्य विकास अधिकृत, मत्स्य महाशाखा, काठमाडौं
- सन् १९८४-१९८८ का.मु. प्रमुख मत्स्य विकास अधिकृत, मत्स्य महाशाखा, काठमाडौं
- सन् १९८८-१९९१ प्रमुख मत्स्य विकास अधिकृत, मत्स्य महाशाखा, काठमाडौं
- सन् १९९२ (जनवरी) -१९९२(जुलाई) उपनिर्देशक (मत्स्य), कृषि विकास विभाग, काठमाडौं
- सन् १९९२ (जुलाई)- १९९२ (नोभेम्बर) निर्देशक (मत्स्य), कृषि विकास विभाग, काठमाडौं

### वैदेशिक सेमिनार/गोष्ठीमा सहभागीता

- सन् १९८० जापानमा स्मल स्केल फिसरिज सम्बन्धि कार्यशाला गोष्ठी
- सन् १९८४ भारतमा NACA को Fourth Advisory Committee Meeting
- सन् १९८६ थाइलैण्डमा NACA को बैठक
- सन् १९८७ न्युजिलैण्डमा लिम्नोलोजि सम्बन्धि बैठक
- सन् १९८८ थाइलैण्डमा NACA को बैठक
- सन् १९८९ बंगलादेशमा NACA को पहिलो Governing Council Meeting
- सन् १९९० कोरियामा फिस हेल्थ म्यानेजमेन्ट सम्बन्धि कार्यशाला गोष्ठी
- सन् १९९१ थाईलैण्डमा NACA को द्वितिय Governing Council Meeting

### अन्य सेवामा संलग्नता

- आठौं पंचवर्षिय योजनामा मत्स्य सम्बन्धि योजना तर्जुमामा संयोजकको रुपमा संलग्न
- अध्यक्षको रुपमा Fisheries Research Panel, National Agriculture Research Service Centre, Kathmandu मा क्रियाशिल
- प्रमुख संयोजकको रुपमा SAARC Youth Volunteers Exchange Program on Fish Pond Management & Cage Fish culture मा संलग्न
- Vice Chairman, Second Meeting of Provisional Governing Council Meeting of NACA

### पदक

- "The Beyond War Award" – USA
- Volunteer Medal – Australia
- महेन्द्र विद्याभुषण -द्वितिय)

राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रकाशनहरुमा दर्जनौ वैज्ञानिक लेख/ रचनाहरु प्रकाशित

## रुपाताल पुनर्स्थापना तथा मत्स्य पालन सहकारी संस्था लिमिटेडको १२ औं साधारण सभा सम्पन्न

कास्की जिल्लास्थित रुपातालको संरक्षण सम्बर्द्धन र दिगो उपयोग गर्ने उद्देश्यले २०५८ सालमा स्थापना भएको रुपाताल पुनर्स्थापना तथा मत्स्य पालन सहकारी संस्था लिमिटेडको १२औं बार्षिक साधारण सभा २०७० साल पुस ५ गते लेखनाथ उद्योग बाणिज्य संघको सभाहल भण्डारढिक, कास्कीमा सम्पन्न भएको थियो । उक्त साधारण सभाको प्रमुख अतिथि उर्जा मन्त्रालयका सचिव श्री विश्वप्रकाश पंडितले उद्घाटन गर्नु भएको थियो । स्थपना कालमा ३६ जना बाट शुरु भई हाल ७४६ जना शेयर सदस्य रहेको यस सहकारीको साधारण सभामा शेयर धनी सदस्यहरु लगायत विभिन्न राजनितिक दलका प्रतिनिधि तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरु सहित करिव ५०० जनाको उपस्थिति रहेको थियो ।

रुपातालको प्राकृतिक सम्पदालाई सफा, सुन्दर र उत्पादनमुलक बनाई संरक्षण र उपयोगको नीति अनुरुप थप रोजगारीको सिर्जना गरी अपनत्वको भावना विकास गर्दै स्थानीय स्रोत साधनको प्रयोगबाट विभिन्न अवसरको खोजी गर्न सामाजिक क्रियाकलापमा समेत सक्रियता ल्याई सहकार्यको भावना एवं माध्यमबाट स्वदेशी र विदेशी अनुसन्धानकर्ताद्वारा ताल, माछा, सिमसार र जैविक विविधतासँग सम्बन्धित सरोकारवालाहरुको ध्यान आकृष्ट गर्न उक्त सहकारीले प्रमुख भूमिका खेलिरहेको जानकारी गराईएको थियो । हाल ६० लाख रुपैंयाँ बरावरको माछा उत्पादन गरिरहेको यस संस्थाले आगामी बर्ष ८० लाख बराबरको माछा उत्पादन गर्ने लक्ष राखेको छ । ताल संरक्षणमा लागिपरेको यस संस्थाले मन्त्रालयस्तर देखि स्थानीय स्तरका १४ वटा संघसंस्थाहरुसंग समन्वय र सहकार्य गर्दै उत्पादन, पर्यटन प्रवर्द्धन तथा संरक्षणका विभिन्न कार्यक्रमहरु संचालन गरिरहेको जानकारी गराईएको थियो । सहकारीका अध्यक्ष लेखनाथ ढकालको अध्यक्षतमा सम्पन्न उक्त साधारण सभामा नेपाल कृषि अनुसन्धान परिषद्का निर्देशक डा. टेकबहादुर गुरुङ्ग, मत्स्य अनुसनधान महाशाखा प्रमुख सुरेश कुमार वाग्ले तथा मत्स्य अनुसन्धान केन्द्र, पोखराका प्रमुख जयदेव विष्टलाई सम्मान गरिएको थियो ।

## 'रत्ननगर महोत्सव २०७०'




रत्ननगर महोत्सव गत पौष महिनाको २८ देखि माघ ५ गते सम्म एक हप्ता संचालन भएको थियो । माछा विशेष महोत्सवको रुपमा मनाइएको उक्त आयोजनाबाट मत्स्य कृषक, व्यवसायी एवं अन्य मत्स्यकर्मीहरु विशेष रुपले लाभान्वित भएका थिए । उक्त महोत्सवमा मत्स्य पालनका विविध गतिविधि प्रदर्शन गरिनुका साथै प्राविधिक जानकारी एवं माछाको विविध परिकार तयार पारी विक्री समेत गरिएको थियो । महोत्सवको पांचौं दिन (माघ ३ गते) जिल्ला मत्स्य



व्यवसायी संघ, राष्ट्रिय मत्स्य विकास कार्यक्रम तथा रत्ननगर उद्योग वाणिज्य संघको संयूक्त आयोजनामा १(एक) दिने अन्तरक्र्याको आयोजना गरिएको थियो । मत्स्य पालनको वर्तमान अवस्था तथा भावि रणनिती विषयक कार्यपत्र मत्स्य विकासका राष्ट्रिय कार्यक्रम प्रमुख श्री रमानन्द मिश्रज्यूद्वारा प्रस्तुत गरिएको थियो भने अन्तरक्रियामा करिब ८० जना कृषक, व्यवसायी तथा सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

## क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागु




कृषि बिभागका कार्यालयहरुमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र २०७० पौष १ गते देखि लागु हुने गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका सचिव श्री कृष्णहरी बास्कोटाज्यूको प्रमुख आतिथ्य तथा कृषि विकास मन्त्रालयका सचिव श्री जय मुकुन्द खनालज्यूको अध्यक्षतामा पौष १ गते केन्द्रिय मत्स्य भवन बालाजुमा केन्द्रिय मत्स्य प्रयोगशालाको नागरिक वडापत्रको समुद्घाटन सुसम्पन्न भयो । यस अन्तर्गत माछा तर्फ केन्द्रिय मत्स्य भवन बालाजु, मत्स्य विकास केन्द्रहरु फत्तेपुर, जनकपुर, हेटौडा, भैरहवा र धनगढी गरी ६ वटा केन्द्रहरुमा लागु भएको छ । क्षतिपूर्ति सहितको नागरिक वडापत्र अनुसार माछामा खासगरी प्रयोगशाला सेवा अन्तर्गत मत्स्य परजीवि पहिचान एवं पानीको गुणस्तर जाँचमा यो लागु गरिएको छ । यस अन्तर्गत तोकिएको समयावधि भित्र सेवाग्राहीले सेवा प्राप्त गर्न नसकेमा जिम्मेवारी प्राप्त अधिकृत वा प्राविधिकले रु. १०००।- सेवा ग्राहीलाई क्षतिपूर्ति वापत रकम तिर्नुपर्नेछ । यसैक्रममा प्रमुख अतिथि श्री बास्कोटाज्यूले देशको अर्थतन्त्रको धरोहर नै कृषि भएको, तर यस पेशामा लाग्नेहरुको बुझाई नै कम रहेको सन्र्दभमा निर्वाहमूखीबाट व्यवसायी बनाउन कठिन महसुस गरिएको छ । यसका लागि संलग्न सम्बन्धित बिज्ञहरुले त्यस्ता बर्गलाई विशेष ध्यान दिंदै कच्चा पदार्थहरु बाहिरबाट ल्याएर उद्योग चलाउने वातावरण नबनाई स्वदेश मै कृषिमा आधारित उद्योग स्थापना गर्ने उद्देश्यले नीति निर्माण गर्नु आवश्यवक भएको कुरामा जोड दिनुभयो । सोही अवसरमा कार्यक्रमका अध्यक्ष कृषि सचिव श्री खनालज्यूले आजको दिन ऐतिहासिक दिन भएकोले यसबाट अवसर र चुनौति दुबै थपिएका छन् । त्यसैले यसको प्रभावकारिता कर्मचारीको वृत्ति विकासमा कार्य सम्पादनसँग गासिने छ । जुन कुराको समय सिमातोकिएको छ त्यसलाई ईमान्दारी एवं जिम्मेदारीपूर्वक सम्पादन गर्न निर्देशन दिनुभयो ।

## कर्मचारीहरू सेवा निवृत्त

मत्स्य समूह अन्तर्गत रही लामो समयसम्म निरन्तर सेवा गरेर उमेरको हद पुगी सेवा निवृत्त हुनुभएका मत्स्य विकास केन्द्र, भण्डाराका प्रमुख तथा बरिष्ठ मत्स्य विकास अधिकृत श्री शंकर प्रशाद दाहाल, जनकपुर मत्स्य विकास तथा तालिम केन्द्रका मत्स्य विकास अधिकृत श्री राम बिलास ठाकुर र मत्स्य अनुसन्धान महाशाखा गोदावरीका बरिष्ठ प्राविधिक अधिकृत श्री नन्द किशोर रायलाई वहाँहरुले मत्स्य अनुसन्धान एवं विकासका क्षेत्रमा पुऱ्याउनु भएको योगदानको कदर गर्दै नेपाल फिसरिज सोसाईको तर्फबाट धन्यबाद् ज्ञापन गरिउको छ । उहाँहरुको उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।

## Aquaculture and Fisheries Education Program in Agriculture and Forestry University

**The Agriculture and Forestry University** (AFU, website: www.afu.edu.np) was established in 2010. This is the first Agriculture and Forestry University in the country. The university aims to produce highly skilled human resources required for quality research and development in Agriculture, Forestry, Animal husbandry and Fisheries. Currently, the university has three faculties: Faculty of Agriculture; Faculty of Animal Science, Veterinary Science and Fisheries; and, Faculty of Forestry. Faculty of Animal Science, Veterinary Science and Fisheries (FAVF) has several academic departments and Aquaculture and Fisheries Department is one of them.

**Aquaculture and Fisheries Department** has emerged as a major and complete department in the university. The department has started 4 years B.Sc. Fisheries program for the first time in the country. The program has enrolled 15 students as a first batch for January session 2014. Department also has enrolled 7 students in M.Sc. Fisheries (Aquaculture) as a first batch of AFU from November 2013. Similarly, the department has enrolled 3 Ph.D. students in Aquaculture as first batch on February 2013.

सफलताको कथा

## युवा मत्स्य उद्यमी जलंधर सिंह



बारा जिल्ला वेनौली गा.वि.स. का मत्स्य कृषक श्री जंलधर सिंहले सानै उमेरमा आफूलाई मत्स्य उद्यमीको रुपमा प्रतिष्ठापित गर्न सफल हुनु भएको छ । वहाँका बुबा श्री सत्यनारायण सिंहले करिब १.५ विघामा शुरु गर्नु भएको मत्स्य पालन व्यवसायलाई हाल निजले आफ्नै १५ विघा तथा भाडाको ७ विघा गरि करिब २२ विघामा मत्स्य पालन विस्तार गर्नु भई ५० मे. टन भन्दा बढी माछा वार्षिक रुपमा उत्पादन गर्दै गर्नु भएको छ । त्यसै गरी करिब ३० लाख वार्षिक मात्र उत्पादन भै रहेको ह्याचरीको क्षमतालाई निकै विस्तार गरि आ.ब. ०६९/०७० मा करिब ५६ करोड ह्याचलिङ्ग उत्पादन विक्री गर्न सफल भएका छन् भने मत्स्य पालक कृषकहरुलाई दानको रुपमा पिना सप्लाई गर्नुको साथै करिब ३६० मे.टन माछा संकलन एवं बजारिकरण समेत गर्ने गरेका छन् । निज मत्स्य पालन व्यवसायमा ०५९ सालबाट संगलग्न रही माछा कै आम्दानीबाट ५ विघा जमीन खरीद गर्नुका साथै ती जग्गामा समेत माछा पोखरी निर्माण गरी माछा पालन गरि राख्नु भएको छ । ठाकुरराम बहुमुखि क्याम्पस विरगंजबाट स्नातक सम्मको अध्ययन गर्नु भएको श्री सिंह विद्यार्थीकालमा छात्र राजनितीकमा संलग्न रही स्ववीयू सभापती समेत रहनु भएको थियो । श्री जंलधर सिंह वी.के.पी. मत्स्य तथा फिस फार्मका अध्यक्ष हुनुका साथै वित्तीय क्षेत्रमा समेत वहाँले आफ्नो पहिचान बनाउन सफल हुनु भएको छ । वहाँको सिफारिसमा महालक्ष्मी फाईनान्सले करिब ३ करोड सम्म मत्स्य पालनको क्षेत्रमा लगानी गर्ने गरेको छ । हाल निज सिंहले मत्स्य व्यवसाय संचालनार्थ तीनवटा गाडी समेत खरीद गरि कारोवारलाई निकै अगाडी बढाई राख्नु भएको छ भने वहाँको वार्षिक आम्दानी करोडको सीमा माथि सकेको छ । श्री जलंधर सिंह मत्स्य व्यवसायीको रुपमा आफ्नो छाप कायम राख्न सफल हुनुका साथै युवाहरुको लागि अनूकरणी उदाहरण प्रस्तुत गर्नु भएको छ ।



**यस न्यूजलेटरमा प्रकाशनार्थ लेख, रचना तथा सफलताका कथाहरु पठाई सहयोग गरिदिनुहुन तथा प्रकाशनका बारेमा सल्लाह, सुझाव प्रदान गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं।**

**लेख, रचना र अन्य सामाग्री प्रकाशन, सुझाव आदिको लागी सम्पर्क :**
ई मेल : pradhannita@yahoo.com, prabeshkunwar@yahoo.com
फोन : 9841455083, 9851038987

**पोस्ट मेल ठेगाना**

**नेपाल फिसरिज सोसाईटी**
प्रधान कार्यालय
केन्द्रीय मत्स्य भवन, काठमाण्डौं
ईमेल: nefis_2052@yahoo.com
फोन : ४३८५६४६

टिकट

श्री ...........................................................................
.............................................................

Printing & Designing : Graphic Design & Printing Support